नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, माघ १४ गते, २०७५ साल (संख्या ५०

भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको सूचना

प्रहरी (छैठौं संशोधन) नियमावली, २०७५

प्रहरी नियमावली, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रहरी (छैठौं संशोधन) नियमावली, २०७५" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **प्रहरी नियमावली, २०७१ को नियम २१ मा संशोधन** : प्रहरी नियमावली, २०७१ (यस पछि "मूल नियमावली"

भनिएको) को नियम २१ को उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर प्राविधिक प्रहरी समूह अन्तर्गत स्वास्थ्य उपसमूहका प्राविधिक प्रहरी कर्मचारीको हकमा नियुक्तिको लागि सिफारिस भएको क्रम अनुसारको योग्यताक्रम कायम हुनेछ ।"

३. **मूल नियमावलीको नियम २८ मा संशोधन** : मूल नियमावलीको नियम २८ को उपनियम (१) को खण्ड (क) मा रहेका "चार वर्ष" भन्ने शब्दहरुको सट्टा "तीन वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ८३ मा संशोधन** : मूल नियमावलीको नियम ८३ को उपनियम (१) मा रहेका "साठी दिन" भन्ने शब्दहरुको सट्टा "अन्ठान्नब्बे दिन" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल नियमावलीको नियम ८६ मा संशोधन** : मूल नियमावलीको नियम ८६ को,-

(१) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूह अन्तर्गत स्वास्थ्य उपसमूहका प्रहरी निरीक्षक वा सो भन्दा मुनिका दर्जामा खुल्ला प्रतियोगिताद्वारा नियुक्ति भएका प्रहरी कर्मचारीले सेवा अवधिभर एकै पटक वा पटक-पटक गरी बढीमा छ वर्ष अध्ययन बिदा पाउन सक्नेछ ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क) उपनियम (२) वा (२क) बमोजिम अध्ययन बिदा लिएको प्रहरी कर्मचारीले अध्ययन पुरा गरी सेवामा हाजिर भएको तीन वर्ष पुरा नभई पुन: अध्ययन बिदा पाउने छैन ।"

(३) उपनियम (७) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "तर प्राविधिक प्रहरी सेवाका" भन्ने शब्दहरुको सट्टा "तर अनुसूची-९ बमोजिमको "क", "ख" वा "ग" वर्गको भौगोलिक क्षेत्रमा वा क्षेत्रीय प्रहरी अस्पतालमा कम्तीमा एक वर्ष रुजु हाजिर भई काम गरेका प्राविधिक प्रहरी समूह अन्तर्गत स्वास्थ्य उपसमूहका" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपनियम (८) को खण्ड (ज) मा रहेका "चार वर्षदेखि पाँच वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "चार वर्ष वा सो भन्दा बढी अवधि" भन्ने शब्दहरु राखिएका छन् ।

६. <u>मूल नियमावलीको अनुसूची-२ मा संशोधन</u> : मूल नियमावलीको अनुसूची-२ को क्रमसङ्ख्या १ को खण्ड (य) को सट्टा देहायको खण्ड (य) राखिएको छ :-

"(य) नेपाल प्रहरी सङ्गीत विद्यालय"

आज्ञाले,

प्रेम कुमार राई

नेपाल सरकारको सचिव